# विदुर नगरपालिका
# BidurMunicipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the municipal Executive
विदुर, नुवाकोट

**Bidur, Nuwakot**

वाग्मती प्रदेश, नेपाल

**Bagmati Province,**

**Nepal**

प. सं./Ref No.-२०८१।०८२

च. नं./Dispatch No.

फोन नं ०१०-५६००६३

५६०४६९


मितिः २०८१/०४/०२

ने.सं. ११४४ दिलाथ्यो ११, बुधबार

**सूचना ।** **सूचाा ॥** **सूचना ।।।**

**विषयः राजश्व (Revenue Module ) SuTRA बाट कर संकलन कार्य सूचारु गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा यस विदुर नगरपालिकाको आर्थिक ऐनको आधारमा कर तथा गैरकर राजश्व संकलन गर्ने गरेको व्यहोरा जानकारी गराइन्छ । श्री महालेखा नियन्त्रक कार्यालयले २०७९ माघ महिना बाट सुत्र राजश्व मोडयुलको सुरुवात गरि स्थानीय तहहरुमा लागु गरिरहेको र विदुर नगरपालिकालाई पनि लागु गर्न पटक पत्राचार गरिरहेको छ । यस नगरपालिकाले पनि आ.व. ०८१/०८२ देखि Sutra Revenue Module संचालन गरि लागु गर्न लागि रहेको व्यहोरो अनुरोध छ ।

Sutra Revenue Module बाट कर संकलन गर्दा यस विदुर नगरपालिकाले संकलन गर्ने राजश्व सम्पत्ति, भूमि, व्यवसाय, वहाल लगायतंका लगति (बार्षिक/मासिक) राजश्वको गणनाको लागि एक वा एक भन्दा बढी आधारहरुमा प्रविष्ट गरी कर गणना गर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था बमोजिम विदुर नगरपालिकाले पनि Sutra Revenue Module अपनाउन प्रत्येक करदाताको फाइल क्रियट गर्नुपर्ने भएकोले कर संकलनमा सहजिकरण गर्ने तथा छिटो, छरितो सेवा प्राप्त गर्नको लागि नगर क्षेत्रभित्र र बाहिर रहनु भएका सम्पूर्ण करदाताहरुलाई सम्बन्धित वडा कार्यालय र नगरपालिकाको कार्यालयमा सम्पत्ति, भूमि तथा मालपोत, व्यवसाय, घर वहाल कर लगायतका सबै प्रकारको कर तथा गैह्र कर राजश्व बुझाउन आउनु हुँदाअनिवार्य रुपमा तपसिल बमोजिमको कागजात लिएर मात्र आउनु हुन सबै करदाताहरुमा विदुर नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

(विनोद कुमार खनाल )

विनोद कुमार खनाल
प्रमुख प्रशासकिय अधिकृत

तपसिलः-

१) माग निवेदन ।
२) नेपाली नागरिकता वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपि ।
३) अघिल्लो आ.व. को तिरो तिरेको नगदी रसिदको प्रतिलिपि ।
४) व्यापार/व्यवसायको प्रमाण पत्रको सक्कल/प्रतिलिपि।
५) व्यक्ति वा संस्थाको स्थायी लेखा नम्बर सोको प्रतिलिपि ।
६) जग्गा धनि पूर्जाको प्रतिलिपि ।
७) व्यक्ति वा संस्थाको घर/जग्गा/सवारी साधन/को वहाल सम्झौताको सक्कल/ प्रतिलिपि ।
८) सम्बन्धित संस्था तथा व्यक्तिको सम्पर्क नं. ।